संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ६३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल भदौ २१ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै हात उठाएर समय माग गर्नुहुँदै मा० श्री सुजाता कोइरालाले नेपालले अपनाएको असंलग्न परराष्ट्र नीति बमोजिम कुनैपनि राष्ट्रको कुनैपनि सेक्युरिटी एलायन्समा असंलग्न हुने नीति रहेकोमा मा० परराष्ट्र मन्त्रीको चीन भ्रमणको समयमा र त्यसपछि चिनियाँ राजदूतबाट काठमाडौं पोष्टमा प्रकाशित लेख एवं राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष र चिनियाँ सरकारका उच्च राजनीतिक सल्लाहकार बीच भएको भिडियो कन्फरेन्समा समेत नेपालले ग्लोबल सेक्युरिटी इनिसिएटिभमा गरेको सहयोग प्रति धन्यवाद व्यक्त भएको भन्ने विषयमा सरकारले सदनलाई स्पष्ट पार्नुपर्ने लगायतका विषयहरुमा आफ्नो भनाई राख्नुभयो ।

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री अञ्जना विसंखे
२. मा० श्री कृष्ण प्रसाद दाहाल
३. मा० श्री खेम प्रसाद लोहनी
४. मा० श्री गजेन्द्र बहादुर महत
५. मा० श्री गणेश कुमार पहाडी
६. मा० श्री घनश्याम खतिवडा
७. मा० श्री कृष्णभक्त पोखेल

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७२ बमोजिम गठित विषयगत समिति अन्तर्गत मा० श्री वर्षमान पुनलाई अर्थ समितिबाट कानून, न्याय तथा मानवअधिकार समितिमा हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले “केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले उक्त विधेयकमाथि एकल र संयुक्त रुपमा ११ वटा संशोधन प्रस्तावहरु प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात निम्नलिखित संशोधनकर्ता एवं संयुक्त संशोधनका मूल संशोधनकर्ता मा० सदस्यहरुले आ-आफ्नो संशोधन प्रस्ताव प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो :-

१. मा० श्री शेरबहादुर तामाङ
२. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
३. मा० श्री विशाल भट्टराई
४. मा० श्री प्रकाश रसाईली (स्नेही)
५. मा० श्री कल्याणी कुमारी खड्काको तर्फबाट मा० श्री पार्वती कुमारी विशुन्के
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री सुजिता शाक्यको तर्फबाट मा० श्री नवराज सिलवाल
८. मा० श्री अतहर कमाल मुसलमान
९. मा० श्री गगन कुमार थापा
१०. मा० श्री रामकुमारी चौधरी
११. मा० श्री विन्दा पाण्डे

त्यसपछि उक्त छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० डा० भीम बहादुर रावल
२. मा० श्री पार्वता डि.सी. (चौधरी)
३. मा० श्री विना कुमारी श्रेष्ठ
४. मा० श्री कु. तुल्सी थापा
५. मा० श्री कृष्णभक्त पोखेल
६. मा० श्री वर्षमान पुन
७. मा० श्री दिव्यमणि राजभण्डारी
८. मा० डा० अमरेश कुमार सिंह
९. मा० श्री घनश्याम खतिवडा
१०. मा० श्री रंगमती शाही
११. मा० श्री छक्क बहादुर लामा
१२. मा० श्री राजेन्द्र कुमार के.सी.
१३. मा० श्री नारायण प्रसाद खतिवडा
१४. मा० श्री गणेश कुमार पहाडी

तदुपरान्त मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।